# धनकौल गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ७ मितिः २०७९/१२/१९

## भाग — १

## धनकौल गाउँपालिका, सर्लाही

### मधेश प्रदेश , नेपाल ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि धनकौल गाउँपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## <u>धनकौल गाउँपालिका शिक्षा ऐन, २०७९</u>

सभाबाट स्वीकृत मितिः २०७९/१०/१९

**प्रस्तावना :** नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धि अधिकार कार्यान्वयन गर्न र धनकौल गाउँपालिका क्षेत्रभित्र हुने तथा स्थापना भई सञ्चालनमा रहेका आधारभुत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी धनकौल गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "धनकौल गाउँपालिका शिक्षा ऐन, २०७९" रहेको छ ।

**(२)** यो ऐन धनकौल गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

**(३)** यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले धनकौल गाउँपालिका शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ख) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ग) "प्रदेश शिक्षा ऐन" भन्नाले मधेश प्रदेश को संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको धनकौल गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) "कार्यापालिका" भन्नाले धनकौल गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "विद्यालय शिक्षा" भन्नाले आधारभुत शिक्षा र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(छ) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चारबर्षे उमेर पुरा भई पाँचवर्ष उमेर पुरा नगरेका बालबालिकाको लागि दिइने प्रारभ्मिक बाल शिक्षालाई सम्झनुपर्छ ।

(ज) "आधारभुत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(झ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुटै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(ट) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिजम, बौधिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ठ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तु सिकाईको व्यवस्था गरी प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२सम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।

(ड) “संस्थागत विद्यालय” भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ढ) “प्रारम्भिक बाल शिक्षा केन्द्र” भन्नाले खण्ड (छ) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, किन्डर गार्डन र मन्टेश्वरी शिक्षा लगायतलाई सम्झनुपर्छ ।

(ण) “आधारभुत विद्यालय” भन्नाले खण्ड (ज) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(त) “माध्यमिक विद्यालय” भन्नाले खण्ड (ज) र (झ) वा खण्ड (झ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(थ) “धार्मिक विद्यायल” भन्नाले परम्परागत रुपमा चलिआएको गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई सम्झनुपर्छ ।

(द) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्राप्त गरेको विद्यालयलाई सम्झनुपर्छ ।

(ध) “मन्त्रालय” भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(न) “प्रदेश मन्त्रालय” भन्नाले मधेश प्रदेश को शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(प) “शिक्षक सेवा आयोग” भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको स्थायी नियुक्तिका लागि सिफारिस गर्ने आयोग सम्झनुपर्छ ।

(फ) “पाठ्यक्रम विकास केन्द्र” भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्दछ ।

(ब) “विद्यालय शिक्षक किताबखाना” भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको विद्यालय शिक्षक किताबखाना सम्झनुपर्छ ।

(भ) “प्रमुख” भन्नाले धनकौल गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(म) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले धनकौल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(य) “शाखा प्रमुख” भन्नाले धनकौल गाउँपालिकाको शैक्षिक प्रशासन शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(र) “निरीक्षक” भन्नाले विद्यालयको निरीक्षण एवं सुपरिवेक्षण गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(ल) “प्रधानाध्यापक” भन्नाले विद्यालयको प्राज्ञिक एवं प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको अध्यापक सम्झनुपर्छ ।

(व) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(श) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाइएको व्यक्ति सम्झनुपर्छ सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यर्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ष) “कर्मचारी” भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सभ्झनुपर्छ ।

(स) “माध्यमिक शिक्षा उतिर्ण परीक्षा” भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ह) “आधारभुत शिक्षा उतिर्ण” भन्नाले आधारभुत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(क्ष) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(त्र) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(ज्ञ) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजि शैक्षिक गुठी सम्झनुपर्छ ।

(ज्ञ१) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(ज्ञ२) “शिक्षा समिति” भन्नाले यसै ऐन बमोजिम गठन भएको गाउँपालिका शिक्षा समितिलाई सम्झनुपर्छ ।

(ज्ञ३) “परीक्षा समिति” भन्नाले आधारभुत शिक्षाको अन्त्यमा लिइने परीक्षा संचालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनुपर्छ ।

(ज्ञ४) “व्यवस्थापन समिति” भन्नाले यसै ऐन बमोजिम विद्यालयहरुमा गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ज्ञ५) “शुल्क” भन्नाले तोकिए बमोजिमका विद्यालयले नियम अनुसार विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(ज्ञ६) “संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ज्ञ७) “स्थानीय सरकार सञ्चालन ऐन” भन्नाले संघीय संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ज्ञ८) “सभा” भन्नाले धनकौल गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ज्ञ९) “स्थानीय तह” भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ ।

(ज्ञ१०) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्ने :** (१) गाउँपालिका बाहेक अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कक्षा थप र तह थप गर्न चाहेमा सम्बन्धित वडाको सिफारिस सहित तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिँदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठी वा सहकारी कुन रुपमा सञ्चालन गर्ने हो, सो व्यहोरा समेत निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शाखा प्रमुखले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मानसिब देखिएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालनमा रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पूरा गरेमा गाउँ कार्यपालिकाले सो विद्यालयलाई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछन् ।

(५) उपदफा(४) बमोजिम निवेदन परेमा सो उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम गाउँ शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा(२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक जग्गामा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) (क) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई गाउँपालिकामा दर्ता गराउनुपर्नेछ ।

(ख) शैक्षिक गुठी, निजी वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।

(ग) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) निजि स्रोतबाट प्रारम्भिक बाल शिक्षा केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) बमोजिम हुनेछ ।

(९) सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतको विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया पुरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(११) प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१२) उपदफा (९) बमोजिम अनुमति वा स्वकृति प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ४. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक, सिकाई सहजीकरण प्रक्रिया र मूल्याङ्कलन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

गाउँपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाई केन्द्र मार्फत साक्षरोत्तर एवं निरन्तर शिक्षा लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

तोकिएको पूर्वाधार पुरा गरेको पाइएमा गाउँपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरु आफ्नै स्रोतमा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५. शिक्षाको प्रकार :** (१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क) आधारभुत शिक्षा : (१) साधारण शिक्षा
(२) परम्परागत धार्मिक शिक्षा

(ख) माध्यमिक शिक्षा : (१) साधारण शिक्षा
(२) परम्परागत धार्मिक शिक्षा
(३) प्राविधिक तथा व्यावसायिक शिक्षा

**६. शिक्षाको माध्यम :** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थमा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभुत तहको प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिन्छ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ र सो सम्बन्धि व्यवस्था गाउँपालिकाको समन्वयमा विद्यालयमा विद्यालयले मिलाउनुपर्नेछ ।

(ग)भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**७. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** (१) विद्यालयको संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृति पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागू गर्नुपर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानुन, प्रदेश कानुनमा व्यवस्था भए बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

**८. गाउँ शिक्षा समिति :** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगायतका कार्य गर्नको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँपालिकाको प्रमुख वा निजले तोकेको एक जना गाउँ कार्यपालिकाको सदस्य - अध्यक्ष

(ख) गाउँ कार्यपालिकाका एक जना महिला र एक जना दलित गरी दुई जना - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एक जना अधिकृत -सदस्य

(घ) गाउँस्तरीय नेपाल शिक्षक महासंघको अध्यक्ष एक जना - सदस्य

(ङ) संस्थागत/शैशिक गुठि/सहकारी विद्यालयहरुको प्रतिनिधीमुलक संस्था मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले तोकेको प्रतिनिधी एक जना -सदस्य

(च) गाउँस्तरीय अभिभावक संघका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी गाउँपालिका अध्यक्षले तोकेको प्रतिनिधी एक जना - सदस्य

(छ) सम्बन्धित गाउँपालिकाको विद्यालय निरीक्षक -सदस्य

(ज) शिक्षा शाखा प्रमूख -सदस्य -सचिव

(२) समितिमा मनोनित सदस्य उपदफा (ङ)को पदावधि एक वर्षको हुनेछ भने अन्य मनोनित सदस्यहस्को पदावधि तिन वर्षको हुनेछ। त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरे को देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै वखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अघी निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

(३) समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) वैठक संचालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थीति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ ।

**९. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार :** प्रचलित कानुन बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बालबालिकालाई आधारभुत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइराख्ने,

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराइराख्ने ।

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(ङ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्ने जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(ञ) गाउँपालिका क्षेत्रभित्र शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्तिलाई स्वयं सेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ट) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ठ) विद्यालयकृ लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ड) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सो को लागि पुरस्कारको व्यवस्था गर्ने,

(ढ) आफ्नो क्षेत्रभित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि व्यवस्था गर्ने,

(ण) आफ्नो क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(त) विद्यालयहरुको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्युनीकरणका लागि कार्ययोजना तयार गर्ने,

(थ) विद्यालय शिक्षामा सुधारका लागि गाउँ शिक्षा नीति तथा योजना बनाई स्वीकृतिका लागि गाउँ सभामा पेस गर्ने,

(द) आफ्नो सेवा क्षेत्रभित्र विद्यालय सञ्चालन अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने गराउने,

(ध) आफ्नो सेवा क्षेत्रभित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरबन्दीमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने,

(न) सामुदायिक विद्यालयको प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान र सरुवा गर्ने,

(प) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन तथा नियमावली बमोजिम शिक्षा शाखा प्रमुख र विद्यालय व्यवस्थापन समितिले कार वाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि समितिको सायसहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कारवाही गर्ने गराउने,

(फ) गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सम्वन्धित विद्यालयको स्रोतबाट तलब भत्ता पाउने गरी वा गाउँपालिकाले अुदान प्रदान गर्ने भनि व्यवस्था भएकोमा आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

(ब) शिक्षाको गुणस्तर कायम राख्न सुचक निर्धारण गर्ने,

(भ) विद्यालयको सामाजिक परीक्षण गराउने,
(म) गाउँको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,
(य) विद्यालय नक्साङ्कन तथा समायोजन सम्बन्धि कार्य गर्ने,
(र) गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## १०. शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार

क) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने,गराउने ।
ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।
ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने ।

घ) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तदनुसार पुरस्कार तथा दण्डको लागि स्थानीय सरकारमा सिफारिस गर्ने,

च) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा वाह्य परीक्षा संचालन गर्ने गराउने ।

छ) सानुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको अभिलेख राख्ने ।
ज)विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गरे नगरेको अनुगमन गर्ने ।
झ) लेखा परिक्षकहरुको सूचि मध्ये एक जनालाई लेखा परिक्षकमा नियुक्ति गर्ने ।
ञ) विद्यालयमा शिक्षक अभिभावक संघ गठन गर्ने गराउने ।
ट) विद्यालयबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने ।
ठ) शिक्षकको तलबी प्रतिवेदन स्वीकृतका लागि सिफारिस गर्ने ।
ड) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने गराउने ।
ढ) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ।
ण) गाउँ शिक्षा शाखा प्रमुख र शिक्षा शाखाका कर्मचारीको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ,

**११. शिक्षा समितिको बैठक :** (१) गाउँ शिक्षा समितिको बैठक समान्यतया दुई महिनामा एकपटक बस्नेछ ।

(२) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।
(३) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. परीक्षाको सञ्चालन र व्यवस्थापन :** (१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभुत शिक्षा उत्तीर्ण परीक्षा गाउँपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभुत तह उत्तीर्ण परीक्षा समिति : आधारभुत तह उत्तीर्ण परीक्षाको संचालन तथा व्यवस्थापन र नतिजा विश्लेषण समेतको कार्य गर्न देहाय बमोजिमको आधारभुत तह उत्तीर्ण परीक्षा समिति हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत, धनकौल गाउँपालिका -अध्यक्ष

(ख) शैक्षिक प्रशासन शाखा अधिकृत, धनकौल गाउँपालिका - सदस्य

(ग) गाउँपालिकाभित्रका संस्थागत/शैक्षिक गुठिका विद्यालयका शिक्षकहरु मध्येबाट परीक्षा समितिद्वारा मनोनित गरेका एकजना -सदस्य

(घ) गाउँपालिका भित्रका आधारभुत र माध्यमिक तहको सामुदायिक विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुनेगरी कम्तिमा एक जना महिला सहित परीक्षा समितिद्वारा मनोनित गरेका दुईजना -सदस्य

(ङ) शिक्षा शाखा प्रमुख -सदस्य-सचिव

(४) समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(५) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## १३. आधारभुत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) गाउँपालिकाले तोकेको न्युनतम शैक्षिक स्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफैं वा समूहगत रुपमा सञ्चालन गर्न अनुमति दिने,

(ग) परीक्षा केन्द्र तोक्ने र केन्द्रध्यक्ष नियुक्ति गर्ने,

(घ) प्रश्नपत्र निर्माण, उत्तर कुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

(ङ) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(च) परीक्षाफल प्रकाशित गराउने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने,

(छ) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

(ज) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

(झ) दुवै प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

(ञ) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले तोकेबमोजिमको अन्य कार्य गर्ने,

(ट) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै उपसमिति वा कार्यटोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. गाउँ शिक्षा कोष :** (१) सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विधार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरुलाई प्रोत्साहन तथा क्षमता विकासका कार्य गर्न तथा आधारभुत तहको परीक्षा सञ्चालनमा सहयोग पुऱ्याउन गाउँपालिकामा एक गाउँ शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(ङ) शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार प्राप्त हुने रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन, व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

**१५. विद्यालय व्यवस्थापन समिति :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थांपन समिति रहनेछ ।

(क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका दूईजना महिला सहित चारजना - सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको एक सदस्य - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्विजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एक जना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन् ।

(३) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमेजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

तर एउटै ब्यक्तिलाई निरन्तररुपमा दुई पटक भन्दा बढी अध्यक्ष पदमा छनौट गर्न पाईने छैन ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) सम्बन्धित विद्यालय निरीक्षक र शाखा प्रमुखलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्नुपर्नेछ ।

(७) संस्थागत/शैक्षिक गुठि/सहकारी विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संथापक, लगानीकर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा गाउँ प्रमुखले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका एकजना महिला सहित दुईजना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य -सदस्य

(घ) सम्बन्धित विद्यालय निरीक्षक -सदस्य

(ङ)विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(८) उपदफा (१), (४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(९) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरुको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने,

(ङ) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने, त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई गाउँ पालिकाले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

(च) नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णयसहित गाउँपालिकामा लेखी पठाउने,

(छ) विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने,

(ज) विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने,

(झ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,

(ञ) विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने,

(ट) शिक्षक तथा कर्मचारीहरुको अभिलेख अद्यावधिक गराई राख्ने,

(ठ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ड) विद्यालयको लेखा परिक्षणको लागि प्रचलित कानुन बमोजिम दर्ता भएका लेखा परीक्षकहरु मध्ये कम्तीमा तीनजना लेखापरीक्षकको नाम नियुक्तिको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ढ) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(ण) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(त) निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको जानकारी शिक्षा शाखामा तलब कट्टी गर्नको लागि सिफारिस गर्ने,

(थ) विद्यालय व्यवस्थापन समितिको सचिवालय सवद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(द) गाउँपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ध) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा गाउँपालिकामा माग गर्ने,

(न) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(प) विद्यालयको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्युनीकरणका लागि कार्ययोजना खरिद बमोजिम कार्यान्वयन गर्ने,

(फ) विद्यालयको चलअचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(ब) विद्यालयको स्रोतबाट नियुक्त शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाइ शाखा प्रमुख मार्फत गाउँपालिकाबाट स्वीकृत गराई लागु गर्ने,

(भ) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचारण पालना नगरेमा वा काम, कर्तव्य पुरा नगरेमा प्रचलित कानुन बमोजिम सचेत गराउने,

(म) गाउँपालिकाले दिएको निर्देशन अनुरुप काम गर्ने,

(य) विद्यालयको सामाजिक परीक्षण गराई सम्बन्धित निकायहरुमा प्रतिवेदन पेश गर्ने,

(र) स्थायी नियुक्ति वा सरुवा भई आउने शिक्षकलाई विद्यालयमा हाजिर गराउने व्यवस्था मिलाउने,

(ल) तोकिए बमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने,

(व) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

## १०. संस्थागत/शैक्षिक गुठि/सहकारी विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(ग) विद्यार्थीहरुलाई परीक्षामा सहभागि गराउने,

(घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सम्मिलित गराउने,

(ङ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र अगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने र विद्यालयको नियमावलीमा व्यवस्था गरी स्थायी पदपूर्तिको प्रक्रिया शुरु गर्ने,

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकले पाउने तलब भत्तामा नघट्ने गरी सुविधा उपलब्ध गराउने,

(ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(झ) खण्ड (ज) बमोजिमको कोष जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

(ञ) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारबाही गर्ने,

(ट) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानुन बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्येबाट कम्तीमा तीन जना लेखापरीक्षको नाम नियुक्तिको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ठ) विद्यार्थीहरुले पालना गर्नुपर्ने अचारसंहिता बनाइ लागु गर्ने,

(ड) गाउँपालिकाले दिएका निर्देशन अनुरुप काम गर्ने,

(ढ) तोकिएबमोजिम शिक्षक/अभिभावक संघ गठन गर्ने,

(ण) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने,

(११) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य/ सचिबलाई प्रत्यायोजन गर्न सक्नेछ।

(१२) व्यवस्थापन समितिको छनौट योग्यता तथा बैठक सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१६. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :** (१) देहायको अवस्था वा तोकिएको जिम्मेबारी पूरा गर्न नसकेमा सो कारण खुलाई शाखा प्रमुखबो र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातारण खल्बल्याएमा,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाको नीति विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन संतोषजनक रुपमा गर्न नसकेमा,

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(२) उपदाफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न र नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ। उक्त समितिको म्याद बढीमा ६ महिनाको हुनेछ।

**१७. विद्यालयको सम्पत्ति :** (१) विद्यालयको नाममा रहेको चल/अचल सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र पदीय दायित्व प्रधानाध्यापकको हुनेछ।

(२) सामुदायिक विद्यालयको चल/अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। सामुदायिक विद्यालयको हक भोगमा रहेका सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभीएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको चल-अचल सम्पत्तिको व्यवस्थापन गाउँपालिकाले गर्नेछ।

(३) शैक्षिक गुठी तथा सहकारीको रुपमा सञ्चालित संस्थागत विद्यालयको चल-अचल सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक

सम्पत्ति मानिनेछ र यो सम्पत्तिको स्वरुप गाउँपालिकाको स्वीकृतिबिना परिवर्तन हुनेछैन ।

(४) कम्पनीको रुपमा सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल-अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ शिक्षा समितिको स्वीकृति लिनुपर्ने छ ।

(६) उपदफा (५) बमोजिमको सम्पत्ति गाउँपालिकाको स्वीकृति बेगर सट्टापट्टा र बेचविखन गर्न पाइने छैन ।

(७) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. विद्यालयको वर्गीकरण :** विद्यालयहरुलाई तोकिएको आधारमा बर्गीकरण गरिनेछ ।

**१९. निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) कुनै संघ संस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको श्रम दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ। (३) सबै बालबालिकालाई आधारभुत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा तथा स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिने छ ।

(५) विद्यालयको विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिम शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले लिन पाउने तोकिएबमोजिमको शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृति दिदाँ विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीत कनै शुल्क लिएमा गाउँपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्छ ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयको प्रधानाध्यापकलाई गाउँपालिकाले स्पष्टिकरण सहित पचिस हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

## २०. विधार्थी प्रोत्साहन तथा छात्रवृति सम्बन्धी व्यवस्था :

(१) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले सामुदाष्कि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्धितिय र तृत्तिय हुने विद्यार्थीलाई क्रमशःशतप्रतिशत ५० प्रतिशत तथा २५ प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

(३) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको प्रत्येक कक्षामा कम्तीमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरीब, महिला, जनजाती, दलित, अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ ।

(४) विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न तोकिए बमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ ।

(५) उपदफा(३) बमोजिम छात्रवृत्तिका लागि छनौट गर्ने आधारहरु तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिएवमोजिम हुनेछ ।

**२१. बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनुपर्ने :** (१) सबै अभिभावकले चार वर्ष पुरा भएका बालबालिकालाई प्रारम्भिक बाल शिक्षा र पाँच वर्ष पुरा भएका बालबालिकालाई आधारभुत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

(२) उपदाफा (१) बमोजिम आफ्नो क्षेत्र भित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा गाउँ शिक्षा समिति, सम्बन्धित वडाको वडाध्यक्ष, विद्यालयका निरीक्षक, शिक्षा शाखा प्रमुख तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाइबुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

(४) उपदाफा (३) बमोजिम सम्झाई, बुझाइ गर्दा समेत बालबालिकालाई नपठाउने अभिभावकलाई गाउँपालिकाबाट उपलब्ध गराउने सेवा, सुविधाबाट वञ्चित गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनुपर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न विद्यार्थी भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व शिक्षा समितिको हुनेछ ।

## २२. विद्यालय खोल्न, कक्षा थप गर्न तथा नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्ने :

(१) गाउँपालिकाले गाउँ शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्न दिने, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सोभन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) गाउँपालिकाले दुई वा सोभन्दा बढी सामुदायिक विद्यालयहरुलाई एक आपसमा गाभी वा समायोजन गरी एकीकृत आवासीय विद्यालयको रुपमा सञ्चानल गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**२३. शिक्षकको सरुवा :** (१) सरुवा हुन चाहने स्थायी शिक्षकले तोकिए बमोजिमको निवेदन फाराम भरी गाउँपालिकामा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शाखा प्रमुखले दरबन्दी रिक्त वा विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई गाउँ शिक्षा समितिको निर्णय बमोजिम सरुवा गर्न सक्नेछ । तर यसरी सरुवा गर्दा निवेदक कार्यरत स्थानको नगरपालिका वा गाउँपालिकाको सहमती लिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा गरेका शिक्षक वा प्रधानाध्यापकलाई गाउँ शिक्षा समितिका निर्णय बमोजिम दरबन्दी मिलान गरी सरुवा गर्न सकिनेछ । तर शिक्षामा सुधार ल्याउन, गुणस्तरीय शिक्षा अभिबृद्धि गर्न वा पाँच वर्ष देखि माध्यमिक विद्यालय संचालनमा रहेका विद्यालयमा माध्यमिक स्तरको दरबन्दी नभएको खण्डमा गाउँ क्षेत्र भित्रका शिक्षक वा प्रधानाध्यापकको सेवा अवधि पाँच वर्ष पुरा नभएको भएपनि गाउँ शिक्षा समितिलाई यस दफा बमोजिम दरबन्दी मिलान गरी सरुवा गर्न बाधा पर्नेछैन ।

(४) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँपालिकाले र अन्य नगर वा गाउँ शिक्षा पालिकामा सरुवाको सहमति दिनसक्ने छ ।

(५) गाउँ शिक्षा समितिले दरवन्दी मिलानको क्रममा समान तहको स्थायी,अस्थायी तथा राहत शिक्षक वीच सरुवा गर्न सक्नेछ तर सामान्यतया शिक्षकको सरुवा पदस्थापन भएको एक बर्ष सम्म गरिने छ।

(६) शिक्षक तथा विद्यालय कर्मचारीहरुको सरुवा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२४. गाउँ शिक्षा शाखा :** (१) गाउँ कार्यपालिकाले गाउँपालिका अर्न्तगत एक गाउँ शिक्षा शाखा स्थापना गर्न सक्नेछ ।

(२) उपदाफा (१) बमोजिम स्थापना हुने शाखाको प्रमुखको रुपमा शिक्षा शाखा प्रमुख रहनेछन् ।

(३) शिक्षा शाखा प्रमुखको काम, कर्तव्य अधिकार नियमावलीले तोकिए बमोजिम हुनेछ।

**२५. शिक्षक छनौट समिति :** (१) सामुदायिक विद्यालयमा रिक्त रहेको प्रधानाध्यापक वा नेपाल सरकारको स्वीकृत दरबन्दी, अनुदानकोटा (राहतकोटा) र बालविकास केन्द्रमा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा शिक्षा अधिकृत वा शाखा प्रमुख -सदस्य

(ग) गाउँपालिकामा सुचीकृत विषय विशेषेज्ञहरुमध्ये दुईजना -सदस्य

(घ) प्रधानाध्यापक -सदस्य-सचिव

तर विद्यालय व्यवस्थापन समिति नभएको खण्डमा गाउँपालिका स्तरीय देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत -अध्यक्ष

(ख) सामुदायिक माध्यमिक विद्यालयको वरिष्ठ प्रधानाध्यापक -सदस्य

(ग) गाउँपालिकामा सुचीकृत विषय विशेषज्ञहरुमध्ये दुईजना -सदस्य

(घ) शिक्षा शाखा प्रमुख -सदस्य-सचिव

(२) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्ने छ ।

(३) शिक्षक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुने छ ।

**२६. कारारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था :**(१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले शाखा प्रमुख मार्फत् शिक्षक सेवा आयोगबाट काररमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माँग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरेको सुची प्राप्त भएपछि सुचीमा रहेका उम्मेदवारहरुमध्येबाट योग्यताक्रमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि कारारमा शिक्षक नियुक्ति गर्न सक्ने छ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सुचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सुचीमा समावेश भएका उम्मेदबार शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेको कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपदाफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शाखा प्रमुखबाट दरबन्दी रित्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) राहत, अनुदान कोटामा, करार शिक्षक छनौट सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२७. विद्यालय तथा प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान :** (१) गाउँपालिकाले सामुदायिक विद्यालयहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्ने छ ।

(क) विद्यालयको विद्यार्थी संख्या

(ख) विद्यालयको शिक्षक संख्या

(ग) विद्यालयको सिकाइ उपलब्धि

(घ) विद्यालयको आर्थिक अवस्था

(२) गाउँपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम गाउँपालिकाले अनुदान दिन सक्ने छ ।

(३) विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही शिर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नुपर्ने छ ।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिदै आएको अनुदान रकममा कटौती गरीने छैन ।

तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा र विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएकोमा त्यस्तो विद्यालयलाई दिदै आएको अनुदान रकममा कटौती गर्न कुनै बाधा पर्ने छैन ।

**२८. साझेदारीमा विद्यालय सञ्चालन गर्नसक्ने :** (१) गाउँपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरु बिच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :** (१) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास, निरन्तर सिकाइ र पुस्तकालय यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा बढी हुने छैन ।

(३) सामुदायिक सिकाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

**३०. निर्देशन दिन सक्ने :** (१) गाउँपालिकाले तोकिएको क्षेत्रमा सम्बन्धित छात्रावास, ट्युसन सेन्टर, कोचिङ सेन्टर संचालन्का लागि तोकिए बमोजिमका सर्त पुरा गरेका संस्था, विद्यालय, विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु अनुमति पाएका संस्था, गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुने छ ।

**३१. अनुमति वा स्वीकृती रद्द गर्ने :** कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा गाउँ पालिकाले दिएको निर्देशन विपरीत काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति गाउँपालिकाले रद्द गर्नेछ ।

**३२. दण्ड सजाय :** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यसतो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रुपैयासम्म जरीवाना वा छै महिनासम्म कैद वा सजाय दुबै हुनेछ ।

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा ।

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्यै गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, व्रिज कार्ष, भाषा शिक्षण कक्षा, कोचिङ्ग कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(झ) दण्ड र सजाए सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

**३३. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :** (१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा सिकाई सहजीकरण गर्ने वातारण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको आवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्ने छ ।

**३४. बालबालिकालाई शारीरिक वा मानसिक दुर्व्यहार गर्न नहुने :** विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**३५. शिक्षक तथा कर्मचारीको पदीय आचरण :**(१) शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनु पर्ने छ ।

(२) शिक्षक तथा कर्मचारीहरुको लागि आचारसंहिता तोकिने छ । तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुने छ ।

(३) तोकिएको आचारसंहिताको पालना नगरेमा एवं देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइदिनेछ ।

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सुचना लगातार १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा, यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रियस्तर, प्रदेशस्तर जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समितिलाई सम्झनुपर्छ ।

**३६. नेपाल शिक्षक महासंघ :** सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हक हितको सम्बनधमा कार्य गर्ने गाउँपालिकामा एक नेपाल शिक्षक महासंघ रहनेछ ।

**३७. शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई प्रदान गर्ने विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ ।

**३८. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्था बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**३९. स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनु हुँदैन । या दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिने छ । यसरी वर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधामात्र प्राप्त गर्नेछ ।

**४०. कर्मचारी सम्बन्धी व्यवस्था :** विद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा तोकिए बमोजिम हुनेछ ।

**४१. शिक्षक विद्यार्थीको अनुपात, दरबन्दी मिलान र थप शिक्षक सहायता :** शिक्षक विद्यार्थीको अनुपात दरबन्दी मिलान र थप शिक्षक सहायता तोकिए बमोजिम हुनेछ ।

**४२. ट्युसन, कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्था :**(१) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष,

पूर्वतयारी, कम्प्युटर तालिम तथा अन्य तालिम कक्षा लगायतका सेवा सञ्चालन गर्न गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा, कम्प्युटर तालिम लोक सेवा आयोग र शिक्षक सेवा आयोग तथा अन्य तालिम कक्षा लगायतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था ताकिए बमोजिम हुनेछ ।

**४३. नियम बनाउने अधिकार** :(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने छ ।

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु,
(ख) विद्यालयको छात्रवृत्ति,
(ग) विद्यालयलाई दिइने अनुदान,
(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन र व्यवस्थापन,
(ङ) विद्यार्थी सिकाई उपलब्धिको परीक्षण तथा मुल्याङ्कन,
(च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान,
(छ) विद्यालय नक्सांकन र समायोजन,
(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग,
(झ) माध्यमिक तहको कक्षा एघार र बाह्मा शिक्षक व्यवस्थापन,
(ञ) प्रारम्भिक वाल शिक्षा केन्द्र व्यवस्थापन,
(ट) विद्यालयको सह तथा अतिरिक्त क्रियाकलाप र कार्यक्रम,
(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा,
(ड) विद्यालयको नामाकरण,
(ढ) विद्यालयमा छात्रवास संचालन सम्बन्धी व्यवस्था,
(ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्री,
(त) विशेष तथा समावेशी शिक्षा,
(थ) अनौपचारिक तथा निरन्तर शिक्षा,
(द) दुर तथा खुल्ला शिक्षा,
(ध) गाउँ शिक्षा कोष,
(न) विद्यालयको कोष,
(प) विद्यालयको पुस्तकालय र वाचनालय,
(फ) ट्युसन, कोचिङ शैक्षिक परामर्श, भाषा शिक्षण, कम्प्युटर तालिम र अन्य तालिम जस्ता विद्यालय वाहिर हुने अध्यापन सेवा,
(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता,
(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा,
(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम,
(य) प्रधानाध्यपक नियुक्तिको लागि आव्श्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा
(र) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ल) विद्यालयको परीक्षा,

(व) स्थानीय पुस्तकालय र वाचनालय संचालन सम्बन्धी व्यवस्था,

(श) अभिभावक शिक्षा ।

**४४. संक्रमणकालीन व्यवस्था :**(१) यस ऐनले तोकिएवमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली नआएसम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेका दरबन्दीमा विज्ञापनको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

**४५. बाधा अड्काउ हटाउने अधिकार :** यस ऐनको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यसतो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह हुनेछ ।

**४६. बचाउ र लागु नहुने :** (१) यस ऐन अन्तर्गत बनेका दफामा लेखिएका कुराहरु यसै ऐन बमोजिम र यसमा नलेखिएका कुराहरु प्रचिलित नेपाल कानुन बमोजिम हुनेछ ।

(२) यस ऐन वा अन्तर्गत उल्लेखित कुनै विषय संघीय कानुन वा प्रदेश कानुनसँग बाझीएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(३) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टचार निवारण ऐन २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।